फोन नं.: ०१-५६७१७१७

नागार्जुन नगरपालिका
नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सीतापाइला, काठमाडौं

बागमती प्रदेश, नेपाल।

प.सं.:- ०८२/०८३
च.नं.:-

## प्रस्ताव आव्हान सम्वन्धी सूचना ।

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८२/०९/३०**

ने. सं. ११४६ पोहेलागा त्रयोदशी

श्री वडा कार्यालय (वडा नं. १ देखि १० सम्म) सबै
नागार्जुन नगरपालिका ।

प्रस्तुत बिषयमा बागमती प्रदेश सरकार र संघीय सरकारबाट नागार्जुन नगरपालिका पशु सेवा शाखालाई हस्तान्तरित आ. ब. ०८२/०८३ को शसर्त अनुदान कार्यक्रम तपशिल अनुसार यस नगरपालिकामा संचालन हुने भएकाले मिति २०८२/०९/१२ गते २१ औ दिनको सूचना प्रकाशन गरेकोमा विभिन्न कार्यक्रममा व्यसायिक कृषकहरुले पेश गर्नुभएको आबेदनलाई कायमै राखी तपशिलका कार्यमक्रममा आबेदन प्रयाप्त नपरेको हुदाँ पुनः दोस्रो पटक सूचना प्रकाशन गरिएको छ । यस नगरपालिका भित्रका ईच्छुक व्यवसायिक पशुपंक्षी फर्म/कृषि सहकारी संस्थाले तपशिल अनुसारको कागजात सहित सूचना प्रकाशन मितिको १५ औं दिन (मितिः २०८२/१०/१४) उक्त दिन सार्वजनिक विदा भए सोहि दिनको भोलिपल्ट सम्म कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका प्रस्तावलाई कार्यक्रममा समावेस गरिने छैन ।

<u>तपशिलका कार्यक्रमहरुः-</u>

| क्र.स. | कार्यक्रमहरु | परिमाण | बजेट (रु. लाखमा) | न्यूनतम मापदण्डहरु |
|---|---|---|---|---|
| १. | पशुपालन प्रवर्द्धन कार्यक्रम,नागार्जुन वडा नं. ८ | २४ व्यक्तिगत व्यवसायिक फार्म/१ वटा सामूहिक पशु पालन,५०% अनुदान सहयोग | १२ | १. व्यक्तिगत कृषकको हकमा कम्तीमा १-३ माउ गाई पालेको हुनु पर्नेछ ।<br>२. समूहको हकमा, समूह सम्वन्धित वडा कार्यालयमा दर्ता गरि सामूहिक (कम्तीमा ३ देखि ५ सम्म गाई/भैसी) पशु पालन गरिको हुनु पर्नेछ ।<br>३. सामूहिक साझेदारीमा १ वटा मात्र कार्यक्रम संचालन गरिनेछ ।<br>४. ५० प्रतिशत लागत साझेदारीमा गाई खरिद कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>५. स्थानीय बासिन्दा हुनु पर्नेछ । |
| २. | कालिज पालन प्रर्वद्धन कार्यक्रम नागार्जुन वडानं. ६ | १ वटा | १० | १.फार्ममा आवश्यक भौतिक निर्माणको जस्तै(फार्मको लागि आवश्यक जाली,पोल,जैविक शुरक्षाको तार,वार)<br>२. प्रदेश कार्यविधि र संचालन मापदण्ड अनुसार हुनुपर्नेछ। |

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३. | व्यवसायिक पशुपंक्षी सुदृढीकरण कार्यक्रम | ५ गाई/भैसी फार्म<br>२ कुखुरा फार्म | ७ | १. यस कार्यक्रममा २० वटा (गोठ/खोर) फार्मको भौतिक संरचना कृषकको मागमा आधारित कार्ययोजना पेश भए बमोजिम मर्मत/सुधार निर्माण कार्य गर्न सकिनेछ।<br>२. कम्तीमा ५/५ वटा माउ वा भन्दा माथि गाई/भैसी र १००० कुखुरा (लेर्यस/ब्रोइला/लोकल) पालन गरेको। |
| ४. | दुग्ध संकलन केन्द्र स्थापना, नागार्जुन वडा नं. ८ | १ वटा | १५ | १. स्थानीय तहको ५० % लागत साझेदारीमा दुग्ध संकलन केन्द्र कृषि सहकारी संस्था वा बहुउदेश्यिय सहकारी संस्थाको सम्झौता अनुसार वडा नं. ८ ।<br>२. प्रदेश कार्यविधि संचालन मापदण्ड अनुसार भएको हुनु पर्नेछ । |
| ५. | मिट मार्ट सुदृढीकरण कार्यक्रम | १ वटा | ४ | १. संघीय कार्यविधि संचालन र कार्यविधि संचालन मापदण्ड अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ । |

**आवेदन पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु:-**

१. सम्बन्धित कृषकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२. नगरपालिकाको राजस्व खातामा रु. १००/- तिरेको नगदी रसिद ।
३. कर चुक्ताको प्रतिलिपी ।
४. सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी ।
५. जग्गा स्वामित्व देखिने प्रमाण पत्र पुर्जाको प्रतिलिपी वा करार सम्झौता लिएको भएमा ५ बर्ष सम्मको करार सम्झौता पत्रको प्रतिलिपी ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. पशु बीमा गरेको पोलिसीको प्रतिलिपी ।
८. पशुपालन प्रवर्द्धन कार्यक्रम,वडा न. ८ को हकमा सामूहिक पशु पालनलाई पहिलो प्रथामिकता दिईनेछ ।
९. विगत २ बर्ष अघि देखि संघ, प्रदेश र नगरपालिकाको अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

........................
(गणेश प्रसाद अर्याल)
प्रमुख प्रशासकीय अधिकृत